# सडक तथा बेवारिसे बालबालिका व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७

**<u>प्रस्तावनाः</u>** सडक तथा बेवारिसे बालबालिकाको पहिचान गरी उनीहरुको उद्धार, संरक्षण, विकास एवम् सर्वोत्तम हित सुनिश्चित गर्न वाञ्छनीय भएकोले,

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (१०) ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो मापदण्ड बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस मापदण्डको नाम "सडक तथा बेवारिसे बालबालिका व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "उद्धार समिति" भन्नाले दफा ९ बमोजिमको सडक तथा बेवारिसे बालबालिका उद्धार समिति सम्झनु पर्छ।

(ख) "कार्यकारी समिति" भन्नाले दफा ८ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

(ग) "निर्देशक समिति" भन्नाले दफा ४ बमोजिमको समिति सम्झनु पर्छ।

(घ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ङ) "व्यवस्थापन केन्द्र" भन्नाले दफा १२ बमोजिमको सडक तथा बेवारिसे बालबालिका व्यवस्थापन केन्द्र सम्झनु पर्छ।

(च) "सडक तथा बेवारिसे बालबालिका" भन्नाले विभिन्न घटना तथा परिस्थितिले बावु आमा, परिवारका सदस्य, अभिभावक र संरक्षकको संरक्षकत्व गुमाई जीवन निर्वाहका लागि सडक वा सार्वजनिक स्थानमा आश्रित भएर बस्न बाध्य भएका वा अन्य यस्तै जोखिममा रहेका बालबालिकालाई सम्झनु पर्छ।

३. **<u>सडक तथा बेवारिसे बालबालिकाको व्यवस्थापनः</u>** सडक तथा बेवारिसे बालबालिकाको व्यवस्थापनका लागि प्रदेश मन्त्रालयले नेपाल सरकार, स्थानीय तह, सरोकारवाला निकाय तथा संघ संस्थासँगको सहकार्य र समन्वयमा देहाय बमोजिमका कार्य गर्नेछः-

(क) सडक तथा बेवारिसे बालबालिकाको क्षेत्रमा कार्य गर्ने संघ/संस्थाहरुको नक्सांकन तथा छनौट गर्ने,

(ख) बाल अधिकारसँग सम्बन्धित सूचनामूलक जानकारी सार्वजनिक रुपमा प्रचार प्रसार गर्ने,

(ग) सडक तथा बेवारिसे बालबालिका रहने स्थानको पहिचान गर्ने,

(घ) सडक तथा बेवारिसे बालबालिकाको उद्धार, नाम दर्ता, वैयक्तिक विवरण तयारी गर्ने,

(ङ) उद्धार गरिएका बालबालिकाको स्वास्थ्य परीक्षण, उपचार, हेरचाह लगायतको व्यवस्था गर्ने,

(च) सडक तथा बेवारिसे बालबालिकाको रुचि तथा क्षमताको आधारमा शिक्षा र रोजगारमूलक तालिम दिने,

(छ) व्यवस्थापन केन्द्रमा रहेका बालबालिकालाई समुदायसँग साक्षात्कार गराउने,

(ज) पारिवारिक आर्थिक क्रियाकलाप संचालनमा सहयोग गर्ने,

(झ) पारिवारिक एवम् सामाजिक पुनर्स्थापना र संस्थागत संरक्षणको व्यवस्था गर्ने,

(ञ) रोजगारीका लागि सम्बन्धित निकाय तथा संघ संस्थामा समन्वय, सहजीकरण तथा सिफारिस गर्ने,

(ट) अनुगमन, मूल्याङ्कन एवम् प्रतिवेदन सम्बन्धी कार्य गर्ने,

(ठ) निर्देशक समितिले तोके बमोजिमको अन्य कार्य गर्ने।

४. **निर्देशक समितिः** (१) सडक तथा बेवारिसे बालबालिकाको व्यवस्थापनको लागि आवश्यक नीतिगत विषयमा समन्वय तथा सहजीकरण गर्न देहाय बमोजिमका सदस्यहरु रहेको एक निर्देशक समिति रहनेछः-

(क) मन्त्री, सामाजिक विकास मन्त्रालय -संयोजक

(ख) प्रमुख, पोखरा महानगरपालिका -सदस्य

(ग) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(घ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ङ) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, कास्की -सदस्य

(च) प्रतिनिधि, नेपाल नगरपालिका संघ, गण्डकी प्रदेश -सदस्य

(छ) प्रतिनिधि, गाउँपालिका राष्ट्रिय महासंघ, गण्डकी प्रदेश -सदस्य

(ज) प्रमुख, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरा -सदस्य

(झ) प्रमुख, प्रदेश प्रहरी कार्यालय, गण्डकी प्रदेश -सदस्य

(ञ) बालबालिका सम्बन्धी कार्य गर्ने संघसंस्था मध्येबाट कम्तीमा एक जना महिला सहित प्रदेश मन्त्रालयले मनोनयन गरेको तीन जना -सदस्य

(ट) महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा, सामाजिक विकास मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा सम्बन्धित सरोकारवाला तथा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको सचिवालय मन्त्रालयमा रहनेछ। समितिको बैठक वर्षमा कम्तिमा तीन पटक बस्नेछ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकका लागि गण पूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको संयोजकले निर्णायक मत दिनेछ।

(६) बैठकको निर्णय समितिको संयोजकले प्रमाणित गर्नेछ ।

५. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सडक तथा बेवारिसे बालबालिका सम्बन्धी नीतिगत विषयमा प्रदेश सरकारलाई आवश्यक सुझाब दिने,

(ख) प्रदेश समन्वय समिति, कार्यकारी समिति र व्यवस्थापन केन्द्रलाई सडक तथा बेवारिसे बालबालिकाको व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) सडक तथा बेवारिसे बालबालिका व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रमको कार्यान्वयन सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गर्ने,

(घ) व्यवस्थापन केन्द्रको समग्र कार्यको मूल्यांकन गरी अनुदान रकम निरन्तरता दिने वा नदिने सम्बन्धमा आवश्यक निर्णय गर्ने,

(ङ) कार्यकारी समितिले पेश गरेको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने।

६. **<u>प्रदेश समन्वय समितिः</u>** सडक तथा बेवारिसे बालबालिकाको व्यवस्थापन सम्बन्धी कार्यमा संघीय निकाय र स्थानीय तहसँग सहकार्य र समन्वय गर्न देहाय बमोजिमको सदस्य रहेको एक प्रदेश समन्वय समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, प्रदेश मन्त्रालय | -संयोजक |
| (ख) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (ग) | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य |
| (घ) | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, कास्की | -सदस्य |
| (ङ) | प्रमुख प्रशासकीय अधिकृत,पोखरा महानगरपालिका | -सदस्य |
| (च) | प्रमुख, प्रदेश प्रहरी कार्यालय, गण्डकी प्रदेश | -सदस्य |
| (छ) | सम्बन्धित महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय | -सदस्य सचिव |

७. **<u>प्रदेश समन्वय समितिको काम, कर्तव्य र अधिकारः</u>** प्रदेश समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सडक तथा बेवारिसे बालबालिकाको अधिकार तथा हकहितका सम्बन्धमा सम्बन्धित संघीय निकाय र स्थानीय तहसँग समन्वय गर्ने,

(ख) सडक तथा बेवारिसे बालबालिकाको व्यवस्थापनका लागि आवश्यक बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने,

(ग) प्रदेशस्तरमा सञ्चालन गरिने सडक तथा बेवारिसे बालबालिका व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न आवश्यक समन्वय एवम् सहजीकरण गर्ने।

८. **कार्यकारी समितिः** (१) सडक तथा बेवारिसे बालबालिकाको व्यवस्थापन सम्बन्धी कार्यक्रमको कार्यान्वयन गर्न देहाय बमोजिमका सदस्यहरु रहेको एक कार्यकारी समिति रहनेछः-

(क) प्रमुख, सामाजिक विकास महाशाखा, प्रदेश मन्त्रालय -संयोजक

(ख) प्रमुख, सामाजिक विकास महाशाखा, पोखरा महानगरपालिका -सदस्य

(ग) प्रतिनिधि, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि, व्यवस्थापन केन्द्र रहेको सम्बन्धित स्थानीय तह -सदस्य

(ङ) प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय, कास्की -सदस्य

(च) प्रतिनिधि, व्यवस्थापन केन्द्र -सदस्य

(छ) प्रदेश मन्त्रालयको बाल अधिकार सम्बन्धी विषय हेर्ने सम्बन्धित शाखा प्रमुख -सदस्य-सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सडक तथा बेवारिसे बालबालिकाको पहिचान, उद्धार, संरक्षण, पुर्नस्थापना लगायतका कार्यमा सरोकारवाला निकायसँग समन्वय गर्ने,

(ख) सडक तथा बेवारिसे बालबालिका व्यवस्थापन सम्बन्धमा भएका कार्यहरु र प्रगति विवरण तयार गरी निर्देशक समिति समक्ष पेश गर्ने,

(ग) निर्देशक समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) निर्देशक समिति तथा प्रदेश समन्वय समितिबाट तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

९. **सडक तथा बेवारिसे बालबालिका उद्धार समितिः** (१) सडक तथा बेवारिसे बालबालिका रहेको स्थानवाट उद्धार गरी त्यस्ता बालबालिकालाई व्यवस्थापन केन्द्र सम्म पुऱ्याउन, आवश्यक व्यवस्था मिलाउन र कार्यकारी समितिलाई सहयोग गर्न देहाय बमोजिमका सदस्य रहेको एक सडक तथा बेवारिसे बालबालिका उद्धार समिति रहनेछः-

(क) प्रमुख, सम्बन्धित स्थानीय तहको सामाजिक विकास महाशाखा/शाखा -संयोजक

(ख) प्रतिनिधि, स्थानीय तहमा कार्यरत इलाका प्रहरी कार्यालय/प्रहरी चौकी -सदस्य

(ग) प्रतिनिधि, सम्बन्धित व्यवस्थापन केन्द्र -सदस्य

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बालबालिकाको उद्धार कार्य गर्ने वा गराउने,

(ख) बालबालिकाको उद्धार तथा व्यवस्थापन सम्बन्धमा भए गरेका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने वा गराउने,

(ग) सम्बन्धित स्थानीय तहको बालबालिका सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने, अद्यावधिक गर्ने र सम्बन्धित निकायमा पठाउने।

१०. **मन्त्रालयको भूमिका:** सडक तथा बेवारिसे बालबालिकाको व्यवस्थापन सम्बन्धमा मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) प्रदेश भित्रका सडक तथा बेवारिसे बालबालिकाको व्यवस्थापनका लागि आवश्यक नीतिगत निर्णय गर्ने,

(ख) प्रदेश भित्रका सडक तथा बेवारिसे बालबालिकाको व्यवस्थापनका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने,

(ग) स्थानीय तहसँग समन्वय गरी सडक तथा बेवारिसे बालबालिकाको व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेटको व्यवस्था गर्ने,

(घ) समय-समयमा व्यवस्थापन केन्द्रको अनुगमन, मूल्याङ्कन तथा नियमन गरी आवश्यक निर्देशन दिने,

(ङ) व्यवस्थापन केन्द्रको समय सापेक्ष थप व्यवस्थापनका लागि आवश्यक कार्यहरु गर्ने।

११. **स्थानीय तहको भूमिका:** सडक तथा बेवारिसे बालबालिकाको व्यवस्थापन सम्बन्धमा स्थानीय तहको भूमिका देहाय वमोजिम हुनेछः-

(क) सडक तथा बेवारिसे बालबालिकाको पहिचान गरी लगत संकलन गर्ने वा गराउने,

(ख) उद्धार समितिसँग समन्वय गरी बालबालिकाको उद्धार गर्ने वा गराउने,

(ग) उद्धार गरिएका बालबालिकालाई व्यवस्थापन केन्द्रसम्म पुऱ्याउने कार्यमा सहयोग गर्ने,

(घ) सडक तथा बेवारिसे बालबालिकाको व्यवस्थान सम्बन्धी कार्यक्रम तथा बजेट व्यवस्था गर्ने,

(ङ) व्यवस्थापन केन्द्रको नियमित अनुगमन, मूल्याङ्कन तथा नियमन गरी आवश्यक निर्देशन दिने,

(च) सडक तथा बेवारिसे बालबालिकाको क्षेत्रमा कार्यरत संघ, प्रदेश वा स्थानीय तहका सरोकारवाला निकाय/संघ संस्थासँग समन्वय तथा सहकार्य गर्ने,

(छ) आफ्नो क्षेत्रभित्र रहेको व्यवस्थापन केन्द्रमा रहेका बालबालिकाको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउने ।

१२. **सडक तथा बेवारिसे बालबालिका व्यवस्थापन केन्द्र:** (१) मन्त्रालयले सडक तथा बेवारिसे बालबालिकाको व्यवस्थापनका लागि यस मापदण्ड बमोजिम सडक तथा बेवारिसे बालबालिका व्यवस्थापन केन्द्रको व्यवस्था गर्नेछ ।

(२) सडक तथा बेवारिसे बालबालिकाको व्यवस्थापन सम्बन्धमा व्यवस्थापन केन्द्रको भूमिका देहाय बमोजिम हुनेछः-

(क) व्यवस्थापन केन्द्रमा रहेका बालबालिकाको वैयत्तिक विवरण राख्ने र अद्यावधिक गर्ने,

(ख) अनुसूचीमा तोकिएको मापदण्ड बमोजिम व्यवस्थापन केन्द्र सञ्चालन गर्ने,

(ग) सडक तथा बेवारिसे बालबालिकाको पहिचान, उद्धार, संरक्षण, पुनर्स्थापना लगायत व्यवस्थापनमा भएका कार्यहरुको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन मासिक, चौमासिक र वार्षिक रुपमा सम्बन्धित स्थानीय तह र प्रदेश मन्त्रालयमा पेश गर्ने,

(घ) सडक तथा बेवारिसे बालबालिकाको व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तह र सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने।

१३. <u>व्यवस्थापन केन्द्रबाट सञ्चालन गरिने कार्यहरुः</u> (१) व्यवस्थापन केन्द्रले देहाय बमोजिमका कार्यहरु गर्नेछः-

(क) बालबालिकाको नियमित शारीरिक तथा मानसिक स्वास्थ्य अवस्थाको जाँच गराई आधारभूत सेवा सुविधा उपलब्ध गराउँदै सकारात्मक सुधार ल्याउने,

(ख) उद्धार गरिएका बालबालिकाको तोकिएको ढाँचामा पारिवारिक विवरण तयार पारी विश्लेषण गर्ने,

(ग) पारिवारिक विश्लेषणका आधारमा आवश्यक सहयोग योजना बनाउने,

(घ) बालबालिकाको दैनिक तथा साप्ताहिक क्रियाकलाप र अभ्यास सहितको कार्य विवरण तयार गर्ने,

(ङ) बालबालिकाको नियमित सरसफाई तथा पोषण योजना बनाउने,

(च) बालबालिकाको स्वास्थ्यको लागि निम्न कार्यहरु गर्नु पर्नेछः-

(१) औपचारिक वा अनौपचारिक माध्यमबाट बालबालिकालाई शिक्षा प्रदान गरी कम्तीमा साक्षर बनाउने तथा उमेर र रुचि अनुसार औपचारिक शिक्षाको व्यवस्था मिलाउने,

(२) शारीरिक तथा मानसिक विकास हुने खालका सिर्जनात्मक गतिविधिहरु सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(३) बालबालिकाको लागि मनोविमर्श सेवा उपलब्ध गराउने,

(४) व्यवस्थापन केन्द्रवाट बालबालिका भागेमा सम्बन्धित स्थानीय तह, नेपाल प्रहरी, बालबालिका खोजतलास केन्द्र तथा मन्त्रालयमा जानकारी दिने र खोजीको प्रबन्ध मिलाउने,

(५) उद्धार गरिएका बालबालिका लागू औषधको दुर्व्यसनी भएमा लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्रमा राख्न सिफारिस गर्ने,

(६) व्यवस्थापन केन्द्रमा रहेका बालबालिकाको धूमपान तथा मद्यपान, लागू औषधको कुलत तथा असामाजिक व्यवहार छुटाउन आवश्यक व्यवस्था गर्ने,

(७) परिवार पत्ता नलागेमा दीर्घकालीन संरक्षणका लागि सम्बन्धित स्थानीय तहको सिफारिसमा बाल गृहमा पठाउने,

(८) पारिवारिक पुनर्मिलन, समुदाय वा वैकल्पिक परिवारमा सामाजिक वा संस्थागत पुनर्स्थापन गर्ने,

(९) बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने अन्य कार्यहरु गर्ने।

(२) व्यवस्थापन केन्द्रमा बालबालिकालाई ल्याउनु पूर्व बेवारिसे वा सडकमा रहेको स्थानको स्थानीय तह वा स्थानीय प्रहरीको सिफारिस वा पत्रका आधारमा मात्र प्रवेश गराउनु पर्नेछ।

१४. **<u>व्यवस्थापन केन्द्र छनौटः</u>** (१) प्रदेश मन्त्रालयले स्वीकृत कार्यक्रमको परिधिभित्र रहेर व्यवस्थापन केन्द्र संचालन गर्ने मापदण्ड पुगेका संस्थाहरु मध्येबाट व्यवस्थापन केन्द्र सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव आव्हान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएका प्रस्तावको मूल्याङ्कन गरी सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमका सदस्य रहेको एक मूल्याङ्कन तथा सिफारिस समिति रहनेछः-

(क) प्रमुख, सामाजिक विकास महाशाखा -संयोजक

(ख) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, योजना तथा प्रशासन महाशाखा -सदस्य

(घ) प्रमुख, आर्थिक प्रशासन शाखा -सदस्य

(ङ) प्रमुख, बालअधिकार सम्बन्धी क्षेत्र हेर्ने सम्बन्धित शाखा -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिमको समितिले प्रस्तावहरु मूल्याङ्कन गर्दा अनुसूचीमा उल्लिखित मापदण्डको अधीनमा रही छनौटका आधारहरु निर्धारण गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिमको समितिले प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतिका लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

१५. **<u>व्यवस्थापन केन्द्र सञ्चालन अनुदान र सीमाः</u>** (१) दफा १४ बमोजिम छनौट भएका व्यवस्थापन केन्द्रसँग सम्झौता गरी मन्त्रालयले सम्बन्धित शीर्षकमा स्वीकृत बजेटको अधीनमा रही अनुदान रकम उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदान रकम उपलब्ध गराउनु पूर्व सम्बन्धित स्थानीय तह र व्यवस्थापन केन्द्र संचालन गर्ने संस्थाको निश्चित आर्थिक दायित्व निर्धारण गरिएको हुनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको आर्थिक अनुदानको रकम निर्धारण गर्नुपूर्व व्यवस्थापन केन्द्र संचालन गर्ने संस्थाले व्यवस्थापन केन्द्रमा रहेका बालबालिका र उनीहरुको लागि संचालन गर्नु पर्ने क्रियाकलापहरुको वार्षिक लागत अनुमान अनिवार्य पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश भएको लागत अनुमान अनुसार उपलब्ध गराइएको अनुदान रकम उल्लेखित क्रियाकलाप बाहेक अन्य शीर्षकमा खर्च गर्न पाइने छैन।

(५) उपदफा (४) बमोजिमको अनुदान रकम तोकिएको सीमाभित्र रही देहाय बमोजिमका कार्य तथा सेवाहरुमा मात्र खर्च गर्नु पर्नेछः-

(क) बालबालिकाको पालनपोषणका लागि खाद्यान्न, तरकारी, फलफूल, लत्ताकपडा बापतको खर्च,

(ख) बालबालिकाको स्वास्थोपचारका लागि सरकारी तथा सामूदायिक स्वास्थ्य संस्था र अस्पतालमा लागेको चेकजाँच अनुसार बिल अनुसारको औषधी उपचारमा लाग्ने खर्च,

तर सरकारी स्वास्थ्य संस्थामा उपचार सम्भव नहुने भनी प्रचलित कानून बमोजिम अधिकार प्राप्त चिकित्सकको सिफारिसका आधारमा निर्देशक समितिको पूर्व स्वीकृती लिई निजी स्वास्थ्य संस्थाबाट उपचार गर्दा भएको खर्च भुक्तानी गर्न बाधा पर्ने छैन।

(ग) पारिवारिक लेखाजोखा, परामर्श, पुनर्मिलन र पुनर्स्थापना खर्च,

(घ) सामुदायिक विद्यालयमा अध्ययन गर्न लाग्ने शैक्षिक खर्च,

(ङ) मनोरञ्जन खेलकुद तथा अतिरिक्त क्रियाकलाप व्यवस्थापन खर्च।

(६) यस मापदण्ड बमोजिम छनौट भएको व्यवस्थापन केन्द्रले देहाय बमोजिम निर्धारण गरिएको बजेट रकमको सीमा भित्र रही खर्चको बिल भर्पाई र सम्बन्धित स्थानीय तहको सिफारिस साथ अनुदान रकम प्राप्त गर्न प्रदेश मन्त्रालय समक्ष निवेदन पेश गर्नु पर्नेछः-

(क) आश्रित बालबालिकाको प्रमाणित हाजिरीको आधारमा आश्रय अवधि कायम गरी अनुदान रकम भुक्तानी गरिनेछ,

(ख) व्यवस्थापन केन्द्रमा आश्रित बालबालिकाको लागि मासिक रुपमा प्रति बालबालिका रु. ५,००० (पाँच हजार) मा नबढ्ने गरी खर्च गर्न सकिनेछ;

(ग) व्यवस्थापन केन्द्रमा आश्रित लागू औषध दुर्व्यसनमा परेका बालबालिकाको लागि दुर्व्यसनीबाट मुक्त नहुँदासम्म प्रति बालबालिका मासिक थप रु. ३,००० (तीन हजार) मा नबढ्ने गरी खर्च गर्न सकिनेछ।

१६. **<u>व्यवस्थापन केन्द्रको अनुगमन तथा लेखापरीक्षणः</u>** (१) प्रदेश मन्त्रालय र सम्बन्धित स्थानीय तहले जुनसुकै वेला व्यवस्थापन केन्द्रको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछन् ।

(२) व्यवस्थापन केन्द्रको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(३) व्यवस्थापन केन्द्रले आफ्नो लेखापरीक्षण प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिनभित्र प्रदेश मन्त्रालय र सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ।

(४) व्यवस्थापन केन्द्रले प्रदेश र स्थानीय तहबाट सशर्त अनुदान रकम प्राप्त गरी कार्यक्रम संचालन गरेकोमा सोको सक्कलै श्रेस्ता तथा समग्र प्रगति विवरण आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र प्रदेश मन्त्रालय र सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ।

१७. **<u>बाधा अड्काउ फुकाउनेः</u>** यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा प्रदेश मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१८. **<u>संशोधनः</u>** यस कार्यविधिमा प्रदेश सरकारले आवश्यक संशोधन गर्न सक्नेछ।

## अनुसूची

(दफा १२ को खण्ड (ख) सँग सम्बन्धित)

**व्यवस्थापन केन्द्र सञ्चालन मापदण्ड**

१. कुनै संघसंस्थाले प्रचलित कानूनको अधीनमा रही व्यवस्थापन केन्द्र सञ्चालन गर्दा देहायका संरचनागत र व्यवस्थापकीय मापदण्डहरु पूरा गरेको हुनु पर्छः-

(क) संस्थाको विधानमा नै बालबालिका सम्बन्धी काम गर्ने उद्देश्य स्पष्ट उल्लेख भएको,

(ख) व्यवस्थापन केन्द्र प्रचलित कानून बमोजिम दर्ता भएको,

(ग) कम्तीमा दश जना बालबालिकालाई आश्रय दिन सक्ने क्षमता र सुविधा भएको भौतिक संरचना रहेको,

(घ) व्यवस्थापन केन्द्रमा आवश्यक सेवा सुविधाका लागि देहायबमोजिम व्यवस्था हुनु पर्छः-

(१) भान्सा र भण्डार कक्ष
(२) भोजन कक्ष
(३) शयन कक्ष
(४) पुस्तकालय
(५) अध्ययन/अध्यापन कक्ष
(६) खेलकुद तथा मनोरञ्जन कक्ष
(७) भेटघाट कक्ष
(८) मनोविमर्श कक्ष
(९) प्राथमिक स्वास्थ्य परीक्षण/उपचार कक्ष
(१०) कार्यालय कक्ष
(११) शौचालय र स्नानघर (बालक र बालिकाको लागि अलग अलग)

(ङ) व्यवस्थापन केन्द्रमा न्यूनतम रुपमा देहाय बमोजिम जनशक्तिको व्यवस्था हुनु पर्नेछः-

| क्र.सं. | पद | संख्या (जना) | कैफियत |
|---|---|---|---|
| (क) | व्यवस्थापक | १ | |
| (ख) | शिक्षक/शिक्षिका | १ | सम्भव भएसम्म शारीरिक शिक्षा पढेको |
| (ग) | आया (Care giver) | २ | |
| (घ) | मनोविमर्शकर्ता | १ | |
| (ङ) | स्वास्थ्यकर्मी | १ | सम्बन्धित स्थानीय तहले तोक्ने |
| (च) | पाले/पहरा/सुरक्षाकर्मी | १ | |

२. व्यवस्थापन केन्द्र सञ्चालनका लागि आवश्यक अन्य पक्षहरुः-

(क) व्यवस्थापन केन्द्रमा रहेका बालबालिकाको पूर्ण परिचय खुल्ने व्यक्तिगत विवरण हुनु पर्नेछ,

(ख) व्यवस्थापन केन्द्रमा बालबालिकालाई प्रवेश गराउनु पूर्व अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराएको हुनु पर्नेछ,

(ग) व्यवस्थापन केन्द्रले बालबालिकाको सेवा सुविधा, उनीहरुप्रतिको दायित्व, गोपनीयता, अनुशासन, विदाई/पुनर्मिलन योजना लगायतका विषय उल्लेख भएको व्यक्तिगत विवरण फाराम अद्यावधिक गरी अभिलेख राख्नु पर्नेछ,

(घ) व्यवस्थापन केन्द्रले आफूले सञ्चालन गर्ने क्रियाकलापको सम्बन्धमा कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्नेछ,

(ङ) बालबालिकाका परिवारका सदस्य वा अन्य नजिकका नातेदार पत्ता लागेमा उनीहरुलाई बालबालिकाका बारेमा सूचना दिनु पर्नेछ,

(च) व्यवस्थापन केन्द्र रहेको भवन बालबालिकाका लागि सुरक्षित, सुविधाजनक र पहुँचयुक्त हुनु पर्नेछ,

(छ) बालबालिकाका लागि उमेर र अवस्था अनुसार सुरक्षित, सहज र सुविधाजनक शयन कक्षको व्यवस्था मिलाउनु पर्नेछ,

(ज) व्यवस्थापन केन्द्रको परिसरमा बालबालिकाका लागि खेल्ने व्यवस्था हुनु पर्नेछ,

(झ) व्यवस्थापन केन्द्र रहेको भवन भूकम्प, आगलागी वा अन्य प्राकृतिक प्रकोपबाट सुरक्षित रहने र आपतकालीन सुरक्षाको प्रबन्ध हुनु पर्नेछ,

(ञ) बालबालिकालाई ताजा र सन्तुलित तथा पौष्टिक तत्वयुक्त खाना उपलब्ध गराउनु पर्नेछ,

(ट) व्यवस्थापन केन्द्रमा सरसफाईको उचित व्यवस्था भएको हुनु पर्नेछ,

(ठ) व्यवस्थापन केन्द्रका कर्मचारीले बालबालिकाको अभिभावकको भूमिका निर्वाह गर्नु पर्नेछ,

(ड) व्यवस्थापन केन्द्रमा रहेका बालबालिकालाई कुनै आस्था वा धर्म ग्रहण गर्न लोभलालचमा पार्न वा अवाञ्छित दबाब दिन पाइने छैन।